# धर्मदेवी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मुढेशान्ति... संखुवासभा
कोशी प्रदेश, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

प.स. :- २०८२।०८३
च.नं. :-

धर्मदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, संखुवासभा कोशी प्रदेश, नेपाल

### सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना

### प्रथम पटक सूचना प्रकाशित मितिः-२०८२।९।२९

यस धर्मदेवी नगरपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको साझेदार संस्थासँग लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। नगरपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको भौचरको अर्धकट्टी तथा नेपाल वाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा प्रचलित कानून बमोजिम समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी पन्ध्र (१५) दिन भित्रमा कार्यालय समक्ष पेश गर्नुपर्नेछ।
रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

तपसिल-

१. विज्ञापन नं. ,पद र माग संख्याः-

| क्र.स. | वि.नं. | पद/तह | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १ | ०८।२०८२-०८३ | समुदायमा आधारित पुनःस्थापना (सि.वि.आर.) सहजकर्ता, सहायकस्तर चौथो | खुला | १ |

२. सेवाको किसिमः- अस्थायी (करार)

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

(क) नेपाली नागरिक,
(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,
(ग) पुरुषको हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० ननाघेको,
(घ) नियमित रुपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,
(ङ) नियमित रुपमा अपाङ्गता भएका व्यक्तिहरुको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,
(च) कम्प्युटर तथा कागजी दुवै स्वरुपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने,

प्रकाश गुरुङ
प्रशासकीय अधिकृत

प.सं. :- २०८२।०८३
च.नं. :-

४. तलव, सुविधा तथा अन्य सेवा शर्त:- सहायकस्तर चौथो तह वा सो सरह र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. उम्मेद्वारको छनोट विधि:- लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

६. दरखास्त फाराम प्रात गर्ने र बुझाउनु पर्ने स्थान:- धर्मदेवी नगरपालिकाको कार्यालय, मुढेशनिश्चरे, सङ्खुवासभा।

७. परीक्षा दस्तुर:- रु.५००।– (अक्षरेपी पाँच सय रुपैयाँ मात्र।)

८. परीक्षा दस्तुर बुझाउने प्रकृया:- पालिकाको राजश्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारामसाथ पेश गर्नुपर्नेछ।

९. दरखास्त फाराम भर्ने मिति:- मिति २०८२।९।२९ देखि मिति २०८२।१०।१३ गते सम्म।

१०. परीक्षा सञ्चालन हुने मिति, समय र स्थान दरखास्त फाराम भर्ने अन्तिम म्याद समाप्त भएपश्चात पालिकाको सूचना पाटीमा टाँस गर्ने साथै पालिकाको वेबसाइट र फेसवुक पेजमा राखिनेछ।

११. पाठ्यक्रम:- दरखास्त फारामसँगै प्राप्त गर्न सकिनेछ।

१२. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

१३. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार धर्मदेवी नगरपालिकालाई हुनेछ।

१४. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सबन्धमा प्रमुख प्रशासकीय अधिकृत श्री प्रकाश गुरुङ्ग सम्पर्क नं. ९८५२०६०७७८ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रकाश गुरुङ्ग
प्रमुख प्रशासकीय अधिकृत